पाँचथर जिल्ला अदालतबाट प्रकाशित

१५ दिने सूचना

(विगो नं. २२/३८, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/वादी जिल्ला पाँचथर साविक आङसराङ्ग गा.वि.स. वडा नं. ४ घर भई हाल ऐ. जिल्ला फिदिम न.पा. वडा नं. १० बस्ने पवित्रा आङ्देम्बे प्रतिवादी जिल्ला पाँचथर कुम्मायक गाँउपालिका वडा नं. ५ बस्ने मनकुमारी भनेकी खेमदेवी आङ्देम्बे (चेम्जोङ) भएको मु.नं. ०७१-CP-०११४ को लेनदेन मुद्दामा पाँचथर जिल्ला अदालतको मिति २०७२/०८/०६ को फैसला बमोजिम तीन तोला चौध आना सुन (मूल्य रु. २,०९,२५०।-) तथा नगद साँवा रकम रु.७८,०००/- समेत र सो को लिखत भएको मिति २०६३/०६/२१ देखि भरिभराउ मिति सम्मको कानून बमोजिम हुन आउने ब्याज रु. २,८७,२५०।– तथा कोर्ट फी रु. ९१००।– पछि दाखिला गर्ने नपुग कोर्ट फी रु.३५१७.५० समेतको विगो रकम भराई पाऊँ भनी वादीको मिति २०७३/१०/१३ मा दरखास्त परी प्रतिवादीको नाममा ३५ दिने सूचना म्याद जारी गरिएकोमा सो म्याद मिति २०७३/१०/१८ मा तामेल भएको निर्दिष्ट मिति भित्र प्रतिवादीले सो रकम दाखिल नगरेको हुँदा प्रतिवादीको नाममा दर्ता रहेको तपसिलको जायजेथा देखाई वादीले दरखास्तमा लेखाएको जेथा लिलाम गर्न पहिलो पटक तोकिएको मिति २०७७/१०/०५ को डाक लिलाममा कसैले पनि डाक सकार नगरेको हुँदा पुनः डाक लिलाम गरी उक्त विगो भराईदिनु परेको हुँदा दोस्रो पटक यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०७७/०८/३० मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले लिलाम हुने हुँदा मिति २०७७/११/०९ गतेको डाक बढाबढ तारेख तोकिएको छ। यो सूचना तपसिलको जग्गामा-१, कुम्मायक गा.पा. ५ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय पाँचथरमा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७७/११/०९ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आफूले डाक बोलेको रकमको १०% रकम सोही दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला | पञ्चकिर्ती मूल्य |
|---|---|---|---|---|---|---|---|
| १ | पाँचथर | स्यावरुम्बा | ६/ख | १२४ | ५-१३-१-३ | खेमदेवी चेम्जोङ | रु.१,००,०००/- (प्रति रोपनी) |

ईति सम्वत २०७७ साल माघ महिना ०७ गते रोज ४ शुभम्-------------------------------------------